# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
# ठाकुरबाबा नगरपालिका, बर्दिया




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।
(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।
(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal


**प्रदेश लेखापरीक्षण महानिर्देशनालय**

(लुम्बिनी प्रदेश लेखापरीक्षण निर्देशनालय )

पत्र संख्याः २०७८।७९

च.नं.

मितिः २०७९।३।२३

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यु,**
**ठाकुरबाबा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,**
**सैनबार, बर्दिया ।**

**कैफियत सहितको राय**

हामीले ठाकुरबाबा नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. ठाकुरबाबा नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू ३ करोड ५५ लाख ९९ हजार बेरुजू देखिएको छ। सो बेरुजु फस्यौंटको लागि प्रतिक्रियाबाट प्राप्त नभएकोले बाँकी बेरुजू असुल गर्नुपर्ने रू ४२ लाख ९४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू १ करोड ४० लाख ८९ हजार, नियमित गर्नुपर्ने रू १ करोड ७२ लाख १६ हजार रहेको छ।पालिकाको गतवर्ष रू. १२ करोड ७१ लाख ९ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू १६ करोड २७ लाख ८ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. ठाकुरबाबा नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगरकार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरू[illegible]एको छ।

(नारायण मरासिनी)
नायब महालेखापरीक्षक

# ठाकुरबाबा नगरपालिका,बर्दिया ।

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ६२ | २७ | ३५५९९ | ० | ० | ० | ६२ | २७ | ३५५९९ | ४२९४ | १७२१६ | १४०८९ | ० | ० | ३१३०५ | ० |

## अद्यावधिक बेरुजू स्थिति

## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बर्दिया | १२७१०९ | ० | ० | १२७१०९ | ० | ३५५९९ | १६२७०८ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : ठाकुरबाबा नगरपालिका, बर्दिया , ठाकुरबाबा नगरपालिका , बर्दिया

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | चेत प्रसाद उप्रेति | २०७६-२-२० | |
| कार्यालय प्रमुख | रामहरि रिजाल | २०७६-१२-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | तपेन्द्र राज जोशि | २०७८-१०-१७ | |
| लेखा प्रमुख | युवराज अधिकारि | २०७५-४-१५ | |
| लेखा प्रमुख | युवराज अधिकारी | २०७५-४-१५ | |
| | | **बेरुजु रकम** | ३५,५९९,०३८ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १९,२९,०७,६९४ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४३,१८,४७,००० | चालु खर्च | ३४,८१,४९,२४६ |
| प्रदेश सरकारबाट अनुदान | ५,०४,९३,००० | पूँजीगत खर्च | २१,८५,५७,१५७ |
| राजश्व बाँडफाँट | ९,४५,३०,६८१.७ | वित्तीय/अन्य व्यवस्था | ५,४८,२७,३६६ |
| आन्तरिक आय | ४,३६,९०,२८३.७ | | |
| अन्य आय | ६,६१,२३,५६६ | | |
| कुल आय | ६८,६६,८४,५३१.४ | कुल खर्च | ६२,१५,३३,७६९ |
| बाँकी मौज्दात | | १७,८०,५८,४५६.४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परीचय**<br>**परिचय**–स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ ।नगरपालिकाको स्थापना २०५३ सालमा भएकोमा तत्कालिन गुलरिया, मथुराहदरबार, मोहम्मदपुर र खैरापुर गा.वि.स.लाई मिलाएर २०७३ सालमा कार्यक्षेत्र वृद्धि भएको हो । यस नगरपालिका अन्तर्गत 1२ वडा, ६६ सभा सदस्य, ११८.२१वर्ग किलोमिटर क्षेत्रफल तथा ६६ हजार ६७९ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण**<br>लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । बैङ्क नगदी किताबसमेत आर्थिक कारोबारका अंकगणितिय शुद्धता तर्फ कार्यालय र आन्तरिक लेखापरिक्षणले गर्ने जोड जम्मामा निर्भर गरिएको छ। लेखापरीक्षणमा पेश भएसम्मका आर्थिक कारोवारसंग सम्बन्धित निकायबाट प्राप्त जानकारी अनुसार तयार गरि स्वीकृत भएको लेखापरीक्षण योजना बमोजिमको जोखिम विश्लेषण, नमूना छनौट र व्यवस्थापन प्रतिनिधित्व पत्रको आधारमा लेखापरीक्षण नीति मापदण्ड, मार्गदर्शन, निर्देशन एवं व्यवसायिक लेखापरीक्षणका असल अभ्यास र लेखापरीक्षण सीमासमेतको आधारमा परिक्षण गरी तयार गरिएको लेखापरीक्षणको मस्यौदा प्रतिवेदन उपर व्यवस्थापनसंगको बहिर्गमन बैठकमा छलफल गरि कायम भएको व्यहोरा सहितको प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षणको क्रममा प्रतिवेदनको यथार्थता र पर्याप्तताको निम्ति पुष्टयाई समेत संकलन गरी त्यसका आधारमा यो प्रतिवेदन तयार गरिएको छ । लेखापरीक्षणमा देखिएका व्यहोरा मध्ये तत्काल प्रमाण पेश हुन आएका व्यहोरालाई यो प्रतिवेदनमा समावेश गरिएको छैन । पूँजीगत खर्चतर्फ रु लाख भन्दा बढी भुक्तानी भएका खर्चका गोश्वारा भौचरहरुको नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गरिएको छ । उल्लिखित आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७८।१२।१० मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् | |
| ३ | | | **एकिकृत आर्थिक विवरण**<br>**स्थानीय संचित कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७7।७8 को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ। | |

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | | १ | **चालु खर्च** | | 348149246 |
| | क) नगद | | | २ | **पूँजीगत खर्च** | | 218557155 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | ख) बैंक | | 112907685 | ३ | वित्तिय व्यवस्था भुक्तानी | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | २ | **राजस्व ( आन्तरिक आय)** | | 138220965 | | क) ऋण भुक्तानी | | | |
| | | | | क) आन्तरिक राजस्व | 43690283.7 | | | ख) ब्याज भुक्तानी | | | |
| | | | | ख) राजस्व बाँडफाँड | 94530681.7 | | | ग) अन्य भुक्तानी | | | |
| | | | | ग) अन्य आय | | | ४ | **लगानी** | | | |
| | | | ३ | **वित्तिय हस्तान्तरण संघ** | | 431847000 | | ऋण लगानी | | | |
| | | | | क) वित्तिय समानीकरण अनुदान | 137700000 | | | शेयर लगानी | | | |
| | | | | ख) सशर्त अनुदान | 288096000 | | | अन्य लगानी | | | |
| | | | | ग) समपूरक अनुदान | 6051000 | | ५ | **धरौटी फिर्ता** | | 2490125.8 | |
| | | | | घ) विशेष अनुदान | 0.00 | | ६ | **विभिन्न कोषतर्फको** | | 27731481.3 | |
| | | | | | | | | विविध खर्च खाता | 8641277 | | |
| | | | | | | | | स्थानिय प्रकोप व्यवस्थापन कोष | 13696543 | | |
| | | | | | | | | स्थानिय तह विविध कोष खाता | 5393661.3 | | |
| | | | ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | 50493000 | ७ | **कोष फिर्ता** | | | |
| | | | | क) वित्तिय समानीकरण अनुदान | 5643000 | | ८ | **मौज्दात** | | | |
| | | | | ख) सशर्त अनुदान | 24850000 | | | क) बैंक मौज्दात | 142156490 | 142156490 | |
| | | | | ग) समपुरक अनुदान | 20000000 | | | ख) नगद मौज्दात | | | |
| | | | | घ) विशेष अनुदान | 0.00 | | ९ | **शसर्त अनुदान फिर्ता** | 24605759 | 24605759 | |
| | | | ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | १० | **गत बर्षको बढी अल्या** | | | |
| | | | ६ | **अन्य** | | | ११ | **जनश्रमदान मौज्दात** | | | |
| | | | | क) क्षेत्रीय शहरी विकास योजना | | | १२ | **धरौट मौज्दात** | 8932714 | 8932714 | |
| | | | | ख) सडक बोर्ड नेपाल | | | १३ | **कोष खाताको मौज्दात** | | 26969244.8 | |
| | | | | ग) पर्यटन बोर्ड नेपाल | | | | विविध खर्च खाता | 5177491.5 | | |
| | | | | घ) एन एन एस डब्लु ए | | | | स्थानिय प्रकोप व्यवस्थापन कोष | 4129971 | | |
| | | | ७ | **विभिन्न कोषतर्फको अ.ल्या** | | 26997707.1 | | स्थानिय तह विविध कोष खाता | 17661782 | | |
| | | | | विविध खर्च खाता | 2015356 | | | | | | |
| | | | | स्थानिय प्रकोप व्यवस्थापन कोष | 8982159 | | | | | | |
| | | | | स्थानिय तह विविध कोष खाता | 16000192.1 | | | | | | |
| | | | 8 | **विभिन्न कोषतर्फको आय** | | 27703019.1 | | | | | |
| | | | | विविध खर्च खाता | 11803412.5 | | | | | | |
| | | | | स्थानिय प्रकोप व्यवस्थापन कोष | 8844355 | | | | | | |
| | | | | स्थानिय तह विविध कोष खाता | 7055251.58 | | | | | | |
| | | | 9 | धरौटी आय | | 11422840 | | | | | |
| | | | 10 | लगानीको साँवा फिर्ता | | 0.00 | | | | | |
| | | | 11 | अन्य विविध आय | | 0.00 | | | | | |
| | | | | **जम्मा** | | **799592216** | | **जम्मा** | | **799592216** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता** | |
| ४.१ | | | अनुदान फिर्ता – संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानिकरण अनुदान वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले निम्नानुसारको बाँकि रहेको रकम फिर्ता गरेको छ । | |

| **अनुदान प्रदान गर्ने निकाय** | **अनुदानको प्रकार** | **प्राप्त रकम** | **खर्च रकम** | **फिर्ता रकम** |
|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | २८,८०,९६,००० | २६,५४,६६,८८४ | २२६२९११६ |
| | समपुरक | ६०,५१,००० | ६०,५१,००० | ० |
| **प्रदेश सरकार** | शसर्त | २,४८,५०,००० | २,३३,१३,५३१ | १५,३६,४६९ |
| | समपुरक | २,००,००,००० | १,९५,५९,८२६ | ४,४०,१७४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.२ | | | अनुदानको अनुगमन – सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.३ | | | लागत सहभागिता — पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ५ | | | **पदाधिकारी सुविधा र विविध खर्च** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.१ | | | स्थानीय तहका पदाधिकारी सुविधा : पालिकाले यस आर्थिक वर्षमा निम्नानुसारको पदाधिकारी सुविधा भूक्तानी गरेको छ । | |

| सि.न. | विवरण | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष ९ जना | कार्यपालिका सदस्य८ जना | सभाका सदस्य ३०जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| 1 | बैठक भत्ता | 34000 | 32000 | 303000 | 269000 | 126000 | **764000** |
| 2 | यातायात सुविधा | 0 | 48000 | 1296000 | 672000 | 1260000 | **3276000** |
| 3 | टेलिफोन | 48000 | 48000 | 324000 | 288000 | 900000 | **1608000** |
| 4 | पुस्तकपत्रिका इन्टरनेट | 60000 | 60000 | 432000 | 288000 | 720000 | **1560000** |
| 5 | समन्वय तथा सहजिकरण | 156000 | 96000 | 756000 | 480000 | 1080000 | **2568000** |
| 6 | अतिथि सत्कार | 84000 | 72000 | 648000 | 0 | 0 | **804000** |
| 7 | खानेपानी / बिजुली / सरसफाई | 60000 | 60000 | 0 | 0 | 0 | **120000** |
| 8 | मर्मत सम्भार | 60000 | 60000 | 0 | 0 | 0 | **120000** |
| 9 | चाडपर्व खर्च | 15000 | 15000 | 108000 | 80000 | 240000 | **458000** |
| | **जम्मा** | **517000** | **491000** | **3867000** | **2077000** | **4326000** | **11278000** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.२ | | | खाना तथा विविध खर्च – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु 1897835 खर्च गरेको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.३ | | | आर्थिक सहायता – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले कार्यविधि बनाएर मात्र आर्थिक सहायता वितरण गर्नुपर्दछ । | |
| ५.४ | | | डोजर, लोडर, एक्साभेटर : पालिकामा रहेको डोजर, लोडर र एक्साभेटरको मर्मत तथा ईन्धनमा खर्च गरेकोमा उक्त डोजर, लोडर र एक्साभेटर भाडामा लगाएबापत पालिकाले नगण्य आम्दानी गरेको छ भने पालिकाद्धारा संचालित योजनामा समेत यसको प्रयोग भएको पाईएन । पालिकाले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरि प्रयोग गर्न जरुरी छ । | |
| ५.५ | | | कन्टिन्जेन्सी खर्चको अभिलेख : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट 2.5 प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । तर पालिकाले त्यसको अभिलेख राखेको छैन । | |
| ६ | | | **कानून निर्माण एवं कार्यान्वयन** | |
| ६.१ | | | कानून र सञ्चालन स्थिति – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म 14 वटा ऐन, 6 वटा नियमावली, 35 वटा कार्यविधि 2 निर्देशिक र 1 नर्मस लगायत 58 वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ६.२ | | | न्यायीक समिति – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी 0 र यो बर्ष थप भएको 40 गरी कुल 40 विवाद दर्ता भएकोमा 34 वटा मात्र फछ्र्यौट भई 6 बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ७ | | | **संगठन तथा कर्मचारी ब्यवस्थापन** | |
| ७.१ | | | तलवी प्रतिवेदन निजामती सेवा ऐन 2049 को दफा 7 ख 2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु 20332357।- तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । | |
| ७.२ | | | प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकाले लेखापरीक्षणको क्रममा स्विकृत दरबन्दी र पदपूर्तीको विवरण उपलव्ध गराएको छैन । | |
| ७.३ | | | अभिलेख तथा स्रोत नक्साङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७.४</td><td></td><td></td><td>सेवाप्रवाहको स्थिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था गरेको छ। यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :
<table>
<tr><th>विवरण</th><th>जम्मा</th></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>१०६१</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>३१७</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>७३३</td></tr>
<tr><td>विवाह दर्ता</td><td>४२४</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>११</td></tr>
</table></td><td></td></tr>
<tr><td>७.५</td><td></td><td></td><td>लक्ष्य प्रगति : कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाइ जिम्मेवार बनाउनु पर्दछ ।
<table>
<tr><th>रु. १ लाखसम्म</th><th>रु. १ लाख देखी २लाख सम्म</th><th>२ लाख देखि ५ लाखसम्म</th><th>५ लाख देखि १० लाखसम्म</th><th>रु. १० लाख भन्दाबढी</th><th>जम्मा</th></tr>
<tr><td>24</td><td>30</td><td>53</td><td>18</td><td>13</td><td>138</td></tr>
</table></td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>सम्पत्ति उपयोग र संरक्षण</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८.१ | | | वडा कार्यालयबाट खरिद - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्नुपर्ने व्यवस्था छ। कार्यालयको खरिद व्यवस्थापन सम्बन्धमा परीक्षण गर्दा वडा कार्यालयको लागि आवश्यक सामग्री खरिद गर्दा वडा कार्यालय आफैले माग फारम तयार गर्ने, खरिद आदेश दिने, वडामै जिन्सी दाखिला भएको भनी विल सहित भुक्तानीको लागि माग गरेको आधारमा कार्यालयले भुक्तानी दिएको देखियो। बजेट संचालन गर्ने निकायवाट सामग्री खरिद गरी जिन्सी अभिलेखमा चढाई हस्तान्तरण मार्फत वडा कार्यालयमा दिनुपर्ने र वडाले आफूले प्राप्त गरेको सामग्री जिन्सी आम्दानी गर्नुपर्नेमा सो नगरेको कारण एकिकृत जिन्सी अभिलेख तयार भएको देखिएन। यस्तो कार्यमा पालिकाले सुधार गर्नुपर्दछ । | |
| ८.२ | | | प्राविधिक बिल र कार्य सम्पन्नः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्मस अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकीन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्मस अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ | |
| ८.३ | | | सम्पत्ति हस्तान्तरण : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **खरिद व्यबस्थापन** | |
| ९.१ | | | **विपन्न आवास निर्माण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४.२ मा सरकारी रकम खर्च गर्दा साधन र स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्ने व्यवस्था छ । पालिकाले यसवर्ष विपन्न आवास निर्माण कार्यका लागि न.पा. अनुदान मार्फत रु.५०००० र प्रदेश समपुरक मार्फत रु.५०००० प्रति घर रु.१००००० को दरले ७९ वटा घर उपभोक्ता समिती मार्फत निर्माण गराई रु.७९००००० भुक्तानी दिएकोमा पालिकाले विपन्न लाभग्राही छनौटको आधार पेश गरेको छैन्।वास्तविक रुपले विपन्न लाभग्राहिले सुविधा पाए नपाएको एकिन गर्न सकिएन् । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो ।यसकारण निर्माण कार्य गुणस्तरयुक्त भए नभएको एकिन गर्न सकिएन । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । पालिकाले उक्त निर्माण कार्यको भुक्तानी दिएकोमा निर्माण कार्यको प्राविधिक नापजाँच भएको नापी किताब र प्राविधिक मूल्यांकन प्रतिवेदन पेश नभई खर्च लेखेको देखिन्छ। तसर्थ, निर्माण कार्यको वास्तविक कार्यसम्पादनका आधारमा भुक्तानी भए नभएको पालिका स्वयमले एकिन गर्नुपर्दछ । | |
| ९.२ | | | **सहकारीको संस्थाको लागि सवारी साधन खरिद** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४.२ मा सरकारी रकम खर्च गर्दा साधन र स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्ने व्यवस्था छ ।पालिकाले कृषि उपजको बजारीकरणको लागि ठाकुरबाबा बहुउदेश्यीय सहकारी संस्था लि.ले खरिद गरेको वोलेरो गाडी लाई गौ.भौ.नं.१४।२०७८-०१-१९ (प्रदेश शसर्त चालु) बाट नगरपालिकाबाट अनुदान स्वरुप रु.१९५२७९० भुक्तानी दिएको छ ।खरिद गरेको सवारी साधन सहकारी संस्थाको नाममा दर्ता रहेको देखिन्छ । सो सवारी साधनले कृषि उपजको बजारीकरणमा पुर्याएको योगदानको मूल्याकन पालिकाले गरेको छैन् । नाफा आर्जन गर्ने उदेश्यले गठित भएको संस्थालाई सरकारी कोषबाट सवारीसाधन खरिद गरि भुक्तानी दिएको अनियमित देखिएको रु. | १,९५२,७९० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९.३</td><td></td><td></td><td>जटिलसंरचना निर्माण – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :
<table>
<tr><th>गोभौनं./मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>२५।२०७८-०३-०७</td><td>आधारभुत स्वास्थ्य केन्द्र कम्पाउण्ड वाल निर्माण उ.स.</td><td>कम्पाउण्ड वाल निर्माण</td><td>९७०९०३</td></tr>
<tr><td>८।२०७७-०२-११</td><td>पर्खाल निर्माण उ.स.</td><td>बालज्योती आधारभुत विद्यालयको पर्खाल निर्माण उ.स.</td><td>९५१४५५</td></tr>
<tr><td>८७।२०७८-०३-३०</td><td>त्रिभुवन नमुना मा.वि.निर्माण उ.स.</td><td>त्रिभुवन नमुना मा.वि.निर्माण</td><td>४०६८४१७</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>५९९०७७५</td></tr>
</table></td><td></td></tr>
<tr><td>९.४</td><td></td><td></td><td>पिउने पानी व्यवस्थापन भुँरिगाउ उ.स. - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बील, भरपाईं र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था छ । उपभोक्ताले यसरी पेश गरेका बील भपाईले उपभोक्ताको वास्तविक खर्चलाई देखाउँछ । पालिकाले रु.१०८००१९.०७ को लागत अनुमान रहेको पिउने पानी व्यवस्थापन भुँरिगाउ उपभोक्ता समिती मार्फत सम्पन्न गरी गौ.भौ.नं. ४६।२०७८-०३-३० बाट रू. ६१०४४४.३४ भुक्तानी गरेको छ । निर्माण कार्यको नापी किताब अनुसार Cutting, bending and placing of reinforcement का लागि सरिया ५०.४ के.जि. रु.१११.३१ को दरले प्रयोग गरेको देखिएकोमा सोको बिजक उपभोक्ता समितीले पेश नगरेको छैन् । साथै नापी किताब अनुसार Metal Work मा ८६० के.जी. प्रति के.जि. १४९.१६ को दरले प्रयोग भएकोमा उ.स.ले Metal Work का लागि ८०० के.जि. मात्र खरिद गरेको विजक पेश गरेको छ । वास्तविक कार्यसम्पादन भन्दा बढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु</td><td>१४,५६६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९.५ | | | **पालिका कोसेली घर निर्माण** – आर्थिक कार्याविधी तथा वित्तिय उत्तरदायित्व नियमावलीको नियम ४५ मा वित्तिय हस्तान्तरणबाट प्राप्त भएको रकम सम्वन्धित आर्थिक वर्षमा खर्च नगरेको खण्डमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रदेश शशर्त कार्यक्रम अन्तर्गत पालिका कोसेली घर निर्माणका लागि प्राप्त भएको रकम कोसेली घर निर्माणमा खर्च नगरी गौ.भौ.नं.३१।२०७८-०३-२२ बाट रु.१०००००० घुम्ती कोषमा ट्रान्सफर गरेको छ । शशर्त अनुदान अन्तर्गत प्राप्त भएको रकम तोकिएको कार्यमा खर्च नगरी ट्रान्सफर गरेको छ । यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ । | |
| १० | | | **शिक्षा तर्फ** | |
| १०.१ | | | **तलबी प्रतिवेदन र शिक्षक अभिलेखः-** कार्यालयले नगरपालिका अन्तरगतका शिक्षकहरुको तलबी प्रतिवेदन हरेक वर्षकको वैशाख महिना देखि पारित गराएर खर्च लेख्नु पर्ने र विद्यालयगत शिक्षकहरुको दरबन्दी, नियुक्ति, ग्रेडवृद्धि समेतको अभिलेख राखिएको हुनु पर्दछ । तर कार्यालयले २०७७/०७८ को तलबी प्रतिवेदन पारित नै नगरि शिक्षकहरुको तलब भत्ता निकासा दिएको देखियो । यसबाट दरबन्दी, ग्रेड समेतका निकासा यकिन हुन सकेन । अतः तलबी प्रतिवेदन पारित नै नगरी तलब भत्ता निकासा दिने कार्य नियन्त्रण गरिनु पर्दछ । | |
| १०.२ | | | **विद्यालयगत निकासा खाताः** कार्यालयले विद्यालयलाई दिएको चौमासिक निकासाको विद्यालयगत निकासा अभिलेख खाता राखेको हुनु पर्दछ । कार्यालयले विद्यालयगतलाई दिएको निकासाको विद्यखलयगत निकासा अभिलेख खाता राखेको देखिएन । यसबाट विद्यालयलाई दोहोरो निकासा हुने जोखिम रहन्छ । अतः विद्यालयगत निकासा खाता राखि दोहोरो निकासाको जोखिम नियन्त्रण गरिनु पर्दछ । | |
| १०.३ | | | **सामुदायीक विद्यालयको गुणस्तर** - स्थानीय सरकार सञ्चालन ऐन,2074 को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायीक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने ब्यवस्था छ ।पालिकाले आ. व. २०७७।७८ मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिबेदन कार्यालयसंग देखिएन ।पालिकाले आफ्नो अन्तरगतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनु पर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १०.४ | | | **(क) छात्रवृत्ति वितरणः** विद्यालयहरूको वार्षिक कार्यक्रम अनुसार आधारभूत तह र माध्यमिक तहका छात्रा छात्रवृत्ति र दलित छात्रवृत्ति कार्यक्रम अन्तर्गत नगरपालिकाले २६ वटा विद्यालयहरूलाई रकम निकाशा दिएको छ । कार्यालयले २६ वटा विद्यालयहरूलाई छात्रवृत्ति वितरणको लागि विभिन्न भौचर वाट जम्मा रु १६१६२००।०० निकासा दिएको छ । पालिकाले छात्रवृत्ति रकम लाभान्वित विद्यार्थीहरूलाई वितरण गरे नगरेको तथा उक्त छात्रवृत्तिबाट शैक्षिक क्रियाकलापमा परेको प्रभावको अनुगमन मूल्याङ्कनको प्रतिवेदन तयार गरी छात्रावृत्तिको वितरणमा पारदर्शिता एवं प्रभावकाता ल्याउनु पर्दछ ।<br><br>(ख) **नि:शुल्क पाठ्यपुस्तक:** कार्यालयले नि:शुल्क पाठ्यपुस्तक खरिदको लागि विभिन्न विद्यालयलाई विभिन्न भौचरवाट रु ५०३८१०४।०० अनुदान निकासा गरिएको छ । सार्वजनिक विद्यालयमा प्रदान गरिने नि:शुल्क पाठ्यपुस्तक समयमा विद्यालयले खरिद गरी विद्यार्थीलाई उपलब्ध गराए नगराएको, विद्यालयले प्रयोग गर्ने पाठ्यसामग्री पाठ्यक्रम विकास केन्द्रको स्वीकृत सूची मध्येबाट भए नभएको सम्बन्धमा कार्यालयले अनुगमन गर्नुपर्दछ । | |
| १०.५ | | | **दिवा खाजा रकम:** कार्यक्रम कार्यान्वयन पुस्तिका (आ.व.२०७६।७७) को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले विद्यार्थीका लागि दिवा खाजा कार्यक्रम कार्यान्वयन गर्दा विद्यालयगत तथ्याङ्कका आधारमा प्रति विद्यार्थी दैनिक रू. १५।- का दरले विद्यालय सञ्चालन भएको दिनलाई आधार मानेर वर्षमा १८० दिनका लागि अनुदान दिने व्यवस्था छ । त्यसै स्थानीय तहले दिवा खाजा उपलब्ध गराइएका विद्यालयका विद्यार्थीको दैनिक हाजिरी पुस्तिका (परीक्षामा सामेल भएको दिनसमेत) को प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणित गराइ स्थानीय तहमा संकलन गरी संख्या यकीन भएपश्चात मात्र अनुदान दिने व्यवस्था छ । कार्यालयले विभिन्न गोश्वारा भौचरबाट दिवा खाजाका लागि विभिन्न विद्यालयलाई रू. ६६२९२२३।०० निकासा दिएको छ । दिवा खाजामा हुनुपर्ने आवश्यक मात्रा, स्वच्छता र पोषण तत्व लगायत विद्यार्थीको दैनिक हाजिरी अनुसार भए नभएको पालिका वाट अनुगमन तथा दिवा खाजाको गुणस्तर मापन गरी अनुगमन मूल्याङ्कनको प्रतिवेदन तयार गरी दिवा खाजा रकम निकासा गर्नुपर्दछ । | |
| ११ | | | **बजेट तथा कार्यक्रम** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११.१ | | | बजेट पेश, पारित र अख्तियारी - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । नगरपालिका उप प्रमुख श्री कृष्णा कुस्मा थारुले रु.70 करोड 76 लाख 8 हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०77।०३।३० मा पारित भएको छ । | |
| ११.२ | | | **बजेट सीमा निर्धारण समिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ११.३ | | | **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११.४ | | | **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०77।७8 को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |
| ११.५ | | | आन्तरिक लेखापरीक्षण - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| ११.६ | | | **आन्तरिक लेखापरीक्षण शाखा :** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |

ख्रण्ड ११.४ को तालिका:

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम |
|---|---|---|
| आर्थिक विकास | ७३१२६८६० | ५२२००००७ |
| सामाजिक क्षेत्र | २६१२१०८३८ | २४०१९११४४ |
| पूर्वाधार विकास क्षेत्र | ३४६२९२११३ | १७८५२८५९७ |
| कार्यसञ्चालन तथा प्रशासनिक खर्च | ७७८२८०८० | ७०७०३०४० |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११.७ | | | हेभी इक्विपमेण्टको प्रयोग — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित निम्न योजनाका उपभोक्ता समितिहरुले शतप्रतिशत डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन ।यसरी शत प्रतिशत कार्य मेशिनवाट हुने कार्य उपभोक्तावाट गराउदा उपभोक्ताले निर्माण व्यवसायी वा सवकन्ट्याक्टरवाट गराउने गरेको देखिएकोले यस यस्तो कार्य नगरपालिकाले नियन्त्रण गर्ने तर्फ ध्यान दिनुपर्दछ । । | |
| ११.८ | | | **विपद् व्यवस्थापन वार्षिक प्रतिवेदन** – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेश गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ११.९ | | | **अवण्डा बजेट** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ बमोजिम स्थानीयको आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने उत्पादनमुलक तथा छिटेप्रतिफल प्राप्त गर्न सकिने जन्तको जीवस्तर आम्दानी र रोजगार समेत बढने खालका माध्यम दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सुची समेत तयार गरी सोही आधारमा बजेट तथा कार्यक्रमकी प्राथमिकीकरणका आधारमा तयार गरी श्रोत अनुगमन तथा सिमा निर्धारण आधारमा अवण्डा नराखी आयव्यय अनुमान पेश गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले देहाय अनुसार रु. 85 लाख अवण्डामा राखेको छ ।योजना तथा कार्यक्रम स्पष्ट नगरी अवण्डामा बजेट राखी गाउँप्रमुखको निर्णयबाट खर्च गर्ने प्रक्रिया नियन्त्रण गरिनु पर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११.१० | | | **कर्मचारी करार**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकारक्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तर पालिकाले विभिन्न पदमा ८५ जना कमर्चारीहरुलाई करारमा राखी रु.२२८८५७८५ खर्च लेखेको छ । छ।स्थानीय तहले माथि उल्लेखित पद बाहेक विभिन्न सामाजिक परिचालक, कृषि सेवा स्वयमसेवम, पशु सेवा स्वयमसेवम,अनमी, हेल्थ असिस्टेन्ट जस्ता सेवामा पदमा नियुक्ति गरी वर्ष रु १२२१७४०० खर्च लेखेकोले नियमसम्मत नदेखिएको रु. १२२१७४०० | १२,२१७,४०० |
| १२ | | | **विविध** | |
| १२.१ | | | **जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु 111364460 मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु 112907684.53 जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु 1543224.53 बढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु | १,५४३,२२४.५३ |
| १२.२ | | | रितपूर्बकको कर बिजक – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले रित पूर्कको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मु.अ.कर रु 25885 समेत रु 225000 समाना तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु. | २२५,००० |

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | कर विजकको अवस्था | भुक्तानी रकम | मुअकर कर रकम |
|---|---|---|---|---|
| 63 2077/06/23 | नेपाल सामाजिक अनुसन्नधान तथा परामर्श सेवा | केरमेट भएको | 225000 | 25885 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१२.३</td><td></td><td></td><td>जिन्सी दाखिला- 183 20777/08/17 प्रेक्षा अर्डर सप्लायर्सबाट रू.5000।-मा कृष्ण प्रणामी मन्दिर वडा न.1 मा खरीद भएको टि.भि.रू.50000।– नगररपालिका तथा मन्दिरमा जिन्सी दाखिला तथा जडान भएको नदेखिएकोले जिन्सी दाखिलाको प्रमाण पेश गर्नुपर्ने रू.</td><td>५०,०००</td></tr>
<tr><td>१३</td><td></td><td></td><td>वडाको राजश्व तर्फ</td><td></td></tr>
<tr><td>१३.१</td><td></td><td></td><td>आन्तरिकआयः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल कर उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr>
<tr><td>एकीकृत सम्पत्ति कर र घरजग्गा कर</td><td>८०५००००</td><td>१५५६८५०४</td><td>१९.३</td></tr>
<tr><td>घरजग्गा वहाल कर</td><td>२००००००</td><td>९९११६९</td><td>४९.५५</td></tr>
<tr><td>व्यवसाय कर</td><td>३००००००</td><td>१७६८४७५</td><td>५८.९४</td></tr>
<tr><td>वहाल विरौटी शुल्क</td><td>४०००००</td><td>६६९४०</td><td>१६.७</td></tr>
</table></td><td></td></tr>
<tr><td>१३.२</td><td></td><td></td><td>राजश्व दाखिला स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने उल्लेख छ पालिकाले संकलन गरेको आन्तरिक आय रु. 20688559.56 को विवरण पेश गरेको छ। वडाले बैंक दाखिला गरेको विवरण पेश गरेको छैन । लेखापरीक्षणको समयमा राजश्व असुली बैंक दाखिलाको विवरण पेश नगरेकोले के कति रकम संकलन र बैंक दाखिला भयो कति भएन भनि एकिन गर्न सकिएन । यस सम्वन्धमा पालिकाले एकिन गर्नुपर्दछ ।वडागत रुपमा राजश्वको विवरण निम्नानुसार रहेको छ ।
<table>
<tr><th>संकलन केन्द्र</th><th>जम्मा संकलन</th><th>बैक दाखिलाको विवरण</th></tr>
<tr><td>पालिका</td><td>3926348.51</td><td>विवरण पेश नभएको</td></tr>
<tr><td></td><td></td><td></td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | वडा न.1 | 3634396.96 | विवरण पेश नभएको | | |
| | | | | वडा न.2 | 1880913.52 | विवरण पेश नभएको | | |
| | | | | वडा न.3 | 1810380.33 | विवरण पेश नभएको | | |
| | | | | वडा न.4 | 2116680.92 | विवरण पेश नभएको | | |
| | | | | वडा न.5 | 2551194.72 | विवरण पेश नभएको | | |
| | | | | वडा न.6 | 962982.48 | विवरण पेश नभएको | | |
| | | | | वडा न.7 | 943681.92 | विवरण पेश नभएको | | |
| | | | | वडा न.8 | 926660.49 | विवरण पेश नभएको | | |
| | | | | वडा न.9 | 1935319.71 | विवरण पेश नभएको | | |
| | | | | जम्मा | 20688559.56 | | | |
| | | | **राजश्व दाखिला जरीवाना -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन 2076 को दफा 28 मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यालय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढि ढिलो गरेको भए दश प्रतिशत का दरले जरिवाना गरी दाखिला गर्न लगाउने व्यवस्था छ । वडाले राजश्व वापत असुलि रकम समयमा दाखिला नगरेकोमा १० प्रतिशत जरिवाना समेत असुल हुनुपर्नेमा भएको देखिएन ।पालिकाले असुली रकमको दाखिला मिति एकिन गरी नियमानुसार लाग्ने जरिवाना लगाउनु पर्दछ । | | | | | |
| १४ | | | **कोभिड -19 तर्फ** | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४.१ | | | **आम्दानी र खर्चको विवरणः** महालेखा नियन्त्रकको कार्यालयको मिति 2076-12-27 च.नं.201 को सबै स्थानिय तह तथा कोष तथा नियन्त्रक कार्यालयलाई स्थानिय तहमा कोरोना रोग रोकथाम,नियन्त्रण र उपचार कोष सञ्चालन व्यवस्थापन सम्वन्धमा गरेको परीपत्रको बुँदा नं.4 मा कोभिड-१९ रोकथाम तथा नियन्त्रणको खर्च र आम्दानी व्यवस्थापनको लागि कार्यालयले प्रकोप व्यवस्थापन कोषको स्थापना गरी खर्चको छुट्टै श्रेष्ता राखी लेखापरीक्षण गर्नुपर्ने उल्लेख छ । उक्त व्यवस्थामा उल्लेख भए वमोजिम पालिकाले छुट्टै लेखा राखेता पनि आम्दानि र खर्चको विवरण तयार गरेको छैन।आर्थिक विवरण तयार नगरेकाले पालिकाले कोरोना रोग नियन्त्रण तथा व्यवस्थापनका लागि भएको आम्दानी र खर्च तथा वाँकी रकम एकिन हुन सकेन । विपद् व्यवस्थापन जस्तो संवेदनशिल विषयमा समेत पालिकाले ध्यान दिईएको देखिएन । आम्दानी खर्च तथा वाँकीको विवरण तयार गर्न पालिकाले सम्वन्धित पदाधिकारीलाई जिम्मेवार वनाउन आवश्यक छ । | |
| १४.२ | | | **विशेष परिस्थितिको खरीदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ (१) मा विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था अनुसार ऐनको दफा ६६ बमोजिम खरिद गर्दा सार्वजनिक निकायले खरिदको आवश्यकताको लिखित विवरण, गुणस्तर, परिमाण, शर्त र कार्य सम्पन्न गर्ने अवधि जस्ता विवरण तयार गरी आकस्मिक परिस्थितिको सामना गर्न आवश्यक परिमाण र समयावधिका लागि मात्र यथासम्भव प्रतिस्पर्धा गराई वा एउटा मात्र निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकसँग लिखित दरभाउ वा प्रस्ताव लिई स्वच्छ र उचित मूल्यको लागि वार्ता गरी खरिद गर्नु पर्ने व्यवस्था छ।कार्यालयले कोभिड १९ प्रकोप रोकथाम र न्यूनीकरणको लागि प्रमुख स्वास्थ्य सामाग्रीको खरिद गरेको छ।खरिद दर लट अनुसार फरक रहेको छ । कार्यालले विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था प्रभावकारी रुपमा पालना गरेको देखिएन ।ऐनमा भएको व्यवस्था कार्यान्वयनमा ध्यान दिनुपर्छ | |
| १४.३ | | | **बार्षिक प्रतिवेदनः** विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ४५ मा स्थानीय विपद व्यवस्थापन समितिले प्रत्येक आर्थिक बर्षमा गरेको कामको बिवरण सहितको बार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद व्यवस्थापन समिति तथा प्रदेश विपद व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ।पालिकाले कामको विवरण सहितको बार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेश गरेको पाइएन।ऐनमा भएको व्यवस्था पालना हुनुपर्दछ। | |
| १५ | | | **आन्तरीक नियन्त्रण प्रणाली** | |
| १५.१ | | | **आन्तरीक नियन्त्रण प्रणाली -**<br>१ स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | २ पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गर्नुपर्नेमा गरेको पाईएन।<br>३ पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>४ राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>५ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याउनुपर्नेमा ल्याएको पाईएन ।<br>६ स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन गर्नुपर्ने आयोजनाको बिश्लेषण गरी कार्यान्वयन गर्नुपर्ने सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>७ दिगो बिकास योजना (२०१५-३०) कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>८ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।<br>९ स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको छैन। सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत संभार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।<br>१० संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न सम्झौता गरी गठन गरेका उपभोक्ता समिति ऐनको व्यवस्था अनुसार दर्ता हुने गरेको पाइएन ।<br>११ सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तयार गरेको पाईएन ।<br>१२ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको 2073।12।25 को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।<br>१३ आम्दानी तर्फ रसिद नियन्त्रण खाता एवं म.ले.प.फा.नं.(साविक) १०८ र २३ जस्ता खाता नराखि सिधै आम्दानी गर्ने गरेको छ।<br>१४ चालु वर्षमा सम्पन्न गर्नुपर्ने कामको लागि दिएको पेश्की समेत समयमा पेश्की फछ्र्यौट नगरेको, उपभोक्ताको पेश्कीको लेजर तयार गरी प्रमाणित नगरेको।<br>१५ ईन्धन खर्चको लगबुक एवं कोटा निर्धारण गरी नियन्त्रण नगरेको आदी। सुत्रबाट गत आर्थिक वर्षको पेश्की फछ्यौट गर्दा केही रकम समेत बैंक नगदी किताबको बजेट खर्चमा चढाइ खर्च बढाएको । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | १६ नियम, कानुन र निर्देशिका अनुसार कार्यान्वयन गर्नुपर्ने उपरोक्त व्यहोरा पूर्ण रुपमा कार्यान्वयन नगरेका कारण वित्तीय उत्तरदायित्व, जिम्मेवारी एवं जवाफदेहिताको पालनामा कमी आएको हुँदा जिम्मेवार पदाधिकारीले कामको प्रकृति अनूरुप आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१५.२</td><td></td><td></td><td>
खर्चमा मितव्ययिता गर्नुपर्ने- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ ।यसै गरी खर्च लेख्दा आवस्यकता र औचित्यका आधारमा आवस्यक प्रमाण कागजात सहित मितव्ययी तवरले गर्नु पर्दछ । तर पालिकाले यस वर्ष निम्न बमोजिम खर्च लेखेको देहाय बमोजिम पाईयो ।
<table>
<tr><td>शिर्षक</td><td>बार्षिकबजेट</td></tr>
<tr><td>खर्च तर्फ</td><td>बार्षिक खर्च रकम</td></tr>
<tr><td>मर्मत खर्च</td><td>986536</td></tr>
<tr><td>ईन्धन खर्च</td><td>1997734</td></tr>
<tr><td>आर्थिक साहायता</td><td>0</td></tr>
<tr><td>अनुगमन खर्च</td><td>1030435</td></tr>
<tr><td>सेवा परामर्श खर्च</td><td></td></tr>
<tr><td>बैठक भता</td><td>3079000</td></tr>
</table>
• भ्रमण अभिलेख नराखी तथा भ्रमणको स्पस्ट उदेश्य वेगर कतिपय पालिका क्षेत्र भित्रै भ्रमण तथा अनुगमन गरेको आधारमा भ्रमण खर्च लेखेको पाईयो । • मर्मत अभिलेख खाता नराखेको कारण कुन सवारी साधनको मर्मत खर्च के कति भएको हो अवस्था यकिन गर्न सकिएन । • निश्चित उदेश्य सहित बिशेष परिस्थितिमा मात्र कानुन द्वारा गठित समितीको बैठकमा मात्र बैठक खर्च लेख्न पाईने व्यवस्था विपरित कार्यालयका पदाधिकारी कर्मचारीहरुलाई कार्यालयकै नियमित कार्य सम्बन्धमा भएका बैठकको भता दिएको पाईयो । • विविध खर्चको प्रयोजन नखुलेको आवस्यकता आंकलन नगरी खर्च गरेको तथा प्यान विल राखी एउटै पार्टीवाट पटक पटक गरी सिमा भन्दा बढी खरिद गरि भुक्तानी गरेको पाईयो • सवारीलग बुक बेगर ईन्धन खर्च गरेको पाईयो । यस्ता खर्चहरुमा नियन्त्रण हुनु पर्दछ ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५.३ | | | **लक्ष्य प्रगति** : पालिकाले चौमासिक र बार्षिक स्तरका प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ । | |
| १५.४ | | | **कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष निम्नानुसार प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु. | १,४४५,६९५ |
| १५.५ | | | वढी भूक्तानी -सार्वजनिक खरिद नियमावली २०६४ नियम १२३ ‍१ घ‍ अनुसार खरिद सम्झौता अनुसार कार्य सम्पादनको आधारमा र आर्थिक कार्यविधी तथा वितीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ को ३ बमोजिम आवस्यक प्रमाण कागजात सहित भुक्तानी गर्नु पर्दछ।पालिकले निम्नानुसारका भूक्तानीमा विल भरपाई भन्दा वढी भूक्तानी गरेकोले वढी भूक्तानी भएको रकम सम्वन्धित बाट असुल गर्नुपर्ने रू. | ५२,९८० |

| गो.भौ.न.मिति. | ठेक्का न. | विवरण | विल रकम | भूक्तान रकम | वढी भूक्तानी |
|---|---|---|---|---|---|
| 12 2077/07/04 | 21 2076/77 | विमा | 10020 | 50000 | 39980 |
| 87 2077/12/29 | 8 2076/77 | ल्याव टेष्ट | 2000 | 15000 | 13000 |
| जम्मा | | | 12020 | 65000 | 52980.00 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **पेश्की व्यवस्थापन**<br>**मोविलाईजेशन पेश्की बाँकीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ (१) अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ।कार्यालयबाट देहाय अनुसार मोविलाईजेशन पेश्की नियमानुसार फछ्र्यौट हुनु पर्दछ ।<br>ठाकुरबाबा नगरपालिका मोविलाईजेसन पेश्कीको विवरण | |
| १७ | | | **शिक्षा** | |

ठाकुरबाबा नगरपालिका मोविलाईजेसन पेश्कीको विवरण (क्रम १६ अन्तर्गत):

| क्र स | पेश्कीको विवरण | पेश्की लिनेको फर्मको नाम | पेश्की रकम रू |
|---|---|---|---|
| १ | गैर आवासिय भवन निर्माण | महादेवि खिम्ती अन्जना यादव जे भि | २५७२७२० |
| २ | सडक तथा पुल निर्माण | अमर मेनका जे भि | २८००००० |
| ३ | वडा तर्फको कार्यालय भवन निर्माण | आरम्भ निर्माण सेवा | ४६८७८१ |
| ४ | भुरीगाउँ सडक कालो पत्रे | ओम सत्य साही व्याक जे भि | १३००००० |
| ५ | पुल निर्माण | एल वि तथा ए भि रोहित जे भि | ८४१००० |
| ६ | भुरीगाउँ बजार कालोपत्रे | ओम सत्य साही व्याक जे भि | १७९९००० |
| ७ | नगर अस्पताल भवन निर्माण | चक्रेश्वरी सनलाईट जे भि | ९३९७४५ |
| ८ | सडक निर्माण वडा न ३ र ४ | जय धनन्जय कडेलल जे भि | ४५००००० |
| **जम्मा** | | | १५२२१२४६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७.१ | | | **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता**– अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई सघीय सरकार राजस्व बाँडफाटबाट रू.८१३१७८९।०० तलब भत्ता भुक्तानी गरेको पाइयो । | |
| १७.२ | | | **सिकाइ सहजिकरण सम्वन्धमाः** कोभीड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाइ सहजिकरणका लागि शैक्षिक कार्यक्रम अन्तर्गत ५७७८०००।०० वजेट विनियोजन भएकोमा,पालिकावाट सूचना प्रविधि वाट पठन पाठन गराउन विभिन्न मेशिन औजार ११ थान ,७५ थान मोनिटर र १९ थान प्रोजेक्टर खरिदका लागी विभिन्न ३ वटा फर्म संग दररेट लिइ रु ४९८२०००।०० को लागत अनुमान तयार गरी वोलपत्र आह्वावन भएकोमा सवैभन्दा घटी रकम रु ४९७९९१०।०० कवोल वाला आपूर्ति कर्ता आइड्रिम सोलुसन सुर्खेत संग २०७८।३।४ मा सम्झौता भइ २०७८ असार २० सम्म आपूर्ति गर्ने उल्लेख भएकोमा संम्झौताको म्याद भित्र उक्त आपूर्ति भइ सो को प्राविधिक परिक्षण र जिन्सी दाखिला भइ विभिन्न विधालयहरुलाइ हस्तान्तरण भएकोमा उक्त विधालयहरुले सो को जडान एंव पठन पाठन गराए नगराएको सम्वन्धमा नगरपालिकाले प्रभावकारी अनुगमन गर्नुपर्दछ । | |
| १८ | | | **सामाजिक सुरक्षा** | |
| १८.१ | | | **निष्कृय खाताः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को अनुसूची ८ मा स्थानीय तह र बैंकबीच हुने सम्झौतापत्रको दफा ६ मा पालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहित बाँकी रकम भए पालिकालाई उपलव्ध गराउनुपर्ने, कुनै लाभग्राहीको लगत कट्टा भएमा लगत कट्टा भएको मिति र पाउने रकम समेतको जानकारी पालिकाले तत्काल बैंकलाई उपलव्ध गराउनुपर्ने र सो जानकारी प्राप्त भएपछि बैंकले लगत कट्टा भएको लाभग्राहीको उक्त मिति पछिको रकम पालिकामा फिर्ता पठाउने तथा बैंकले निष्कृय खाताको विवरण प्रत्येक साउन र माघ महिनाभित्र पालिकालाई दिनुपर्ने व्यवस्था छ । कार्यालयले सामाजिक सुरक्षा भत्तालाई पेश्की जनाई प्रथम किस्ताको पेश्की फछ्र्यौट भएपश्चात दोस्रो र दोस्रो किस्ता फछ्र्यौट गरी तेस्रो किस्ता निकासा दिई फछ्र्यौट गर्नुपर्नेमा बैङ्कलाई निकासा दिएको रकम सोझै खर्च जनाएको छ । सोझै खर्च जनाई सामाजिक सुरक्षा वितरण गर्दा वितरण नभई बाँकी रहेको रकम बैङ्कमा नै रहन सक्ने हुदाँ पेश्की जनाई सोको फछ्र्यौट गरी थप निकासा गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८.२ | | | **तथ्यांक अध्यावधिक :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुँदा १९ अनुसार विभागले स्थानीय तहमा सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न स्थानीय तह, विभाग र बैङ्क तथा वित्तीय संस्थाबीच प्रणालीगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी बनाउन केन्द्रीकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याउने र उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुने उल्लेख छ । कार्यालयले प्रत्येक वर्ष सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको तथ्याङ्क, कार्यविधि बमोजिम अद्यावधिक गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्नेमा प्रथम चौमासिकको एम.आई.एस. अध्यावधिक तथ्याङ्क लेखापरीक्षणको क्रममा पेश गरेको छैन ।कार्यविधि बमोजिम कार्यालयले केन्द्रीकृत व्यवस्थापन प्रणालीमा सूचना अद्यावधिक गर्नुपर्दछ । | |
| १८.३ | | | प्रतिवेदनः सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा ३० मा स्थानीय तहले वितरण गरेको भत्ताको चौमासिक, वार्षिक विवरण अद्यावधिक गरी एमआइएसमा प्रविष्टी गर्नुपर्ने भुक्तानी गरेको रकम र बुझ्नेहरूको नामावली स्थानीय तहका कार्यालयका साथै स्थानीय तहका वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र पहिलो चौमासिक प्रगति विवरण मंसिर ७ गतेभित्र दोस्रो चौमासिकको प्रगति विवरण चैत ७ गतेभित्र र तेस्रो तथा वार्षिक प्रगति विवरण साउन ७ गतेभित्र प्रविष्टी गरिसक्नुपर्ने उल्लेख छ । कार्यालयले सबै विवरण एमआइएसमा प्रविष्ट गरेको जनाएको भए तापनि प्रगति लेखापरीक्षणमा पेश नभएकोले सो मा विश्वस्त हुन सकिएन। | |
| १९ | | | **स्वास्थय** | |
| १९.१ | | | **तलबी प्रतिवेदन** - निजामती सेवा ऐन, 2049 अनुसार कार्यालयले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारीत गरी कर्मचारीहरुको तलब खर्च लेख्नुपर्नेमा तलबि प्रतिवेदन पारित नगरी स्वास्थ्य तर्फका कर्मचारीहरुको तलब खर्च लेखेको छ । तलबि प्रतिवेदन पारित गरी तलब खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१९.२</td><td></td><td></td><td>पारिश्रामिक कर:-आयकर ऐन, २०५८ को दफा ८८ (१) र ८९ मा भएको व्यवस्था भए वमोजिम प्राकृतिक व्यक्तिको हकमा रु ४५०००० सम्म करयोग्य आय भएमा कर योग्य आयको १ प्रतिशतका दरले,रु ४५००००।०० देखि रु ५५०००० सम्मको रकममा १० प्रतिशका दरले ,रु ५५०००० देखी ७५००००।०० सम्म २० प्रतिशतका दरले र ७५००००।०० देखि २० लाख सम्मको रकममा ३० प्रतिशतका दरले पारिश्रमिक कर कट्टा गरी भुक्तानि गर्नुपर्ने व्यवस्था रहेकोमा पालिका वाट निम्नानुसारका कर्मचारीको पारिश्रमिक कर कट्टा नगरेको सम्वन्धित कर्मचारी वाट असुल हुनुपर्ने रु ५८८८३।२८<br>
<table>
<tr><th>कर्मचारीको नाम</th><th>वार्षिक कर योग्य</th><th>पारिश्रमिक कर (सा सु कर कट्टि पश्चात )</th></tr>
<tr><td>इन्द्र वहादुर राजवंशी</td><td>५५००९०।४०</td><td>१०००९।०४</td></tr>
<tr><td>रामेश्ववर खनाल</td><td>५५००९०।४०</td><td>१०००९।०४</td></tr>
<tr><td>विष्णु प्रसाद ज्ञवाली</td><td>५११३२२।००</td><td>६१३२।२०</td></tr>
<tr><td>दिपक वहादुर थापा</td><td>५२३३२२।००</td><td>७३३२।२०</td></tr>
<tr><td>कृपाराम गड्तौला</td><td>५८१३२२।००</td><td>१६२६४।४०</td></tr>
<tr><td>राजेन्द्र प्रसाद सुवेदी</td><td>४७६६८२।००</td><td>२६६८।२०</td></tr>
<tr><td>दिप वहादुर वस्नेत</td><td>५१४६८२।००</td><td>६४६८।२०</td></tr>
<tr><td>जम्मा</td><td></td><td>५८८८३।२८</td></tr>
</table></td><td>५८,८८४</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९.३ | | | **औषधी खरिद** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहले रु.६२८६३१।०० औषधि ठेक्का वाट र ८४११२९।०० सोझै गरी जम्मा रु १४६९७६०।०० खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नुसार छनः<br>आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाणसमावेश नभएको, आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको। तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ। | |
| २० | | | **विविध** | |
| २०.१ | | | **प्रमाण पेश:** सार्वजनिक खरिद नियमावली २०६४ नियम १२३□१ घ□ अनुसार खरिद सम्झौता अनुसार कार्य सम्पादनको आधारमा र आर्थिक कार्यविधी तथा वितीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ को ३ बमोजिम आवस्यक प्रमाण कागजात सहित भुक्तानी गर्नु पर्दछ।गो भौ न २४२।०७८।३।२ वायोग्यास जडान वापत लोकप्रिय सोलार एण्ड वायो इनर्जि प्रा ली लाइ गोवर ग्यास प्लान्ट जडान वापत भनी रु १६५०००।०० भुक्तानि दिएकोमा उक्त कार्यको लागत अनुमान,सूचना प्रकाशन,संस्था छनौट प्रक्रिया,लाभग्राहीको आवेदन संकलन, लाभग्राहि छनौट प्रक्रिया र सम्झौता वमोजिमको काम भए नभएको सम्वन्धमा सो को कार्यसम्पन्न प्रतिवेदन,अनुगमन प्रतिवेदन लगायत कुनै कागजात पेश नभएकोले सो कार्यलाइ पुष्ट्याइ गर्ने कागजात पेश हुनुपर्ने रु १६५०००।०० | १६५,००० |
| २०.२ | | | **अनुदानको अनुगमनः** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ।पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद गरी वितरण गरेको भनि खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सो बाट प्राप्त उपलब्धी मापन गरेको छैन ।अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन।साथै अनुदान सम्बन्धमा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरि रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनुपर्दछ । नमूना छनौटको रुपमा केहि भौचरको छनौट गर्दा देहायको कृषक समूहलाइ अनुदान वितरण गरेको पाइयो । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| समूह | कार्यक्रम | भुक्तानि |
|---|---|---|
| नगरभरिका वीउ माग गरी ९ वटा वडाका १८ जना छनौट भएका कृषकहरुले पावरटेलर,१२ जना कृषकहरुले मिनिटिलर र ७ मध्ये ५ जना कृषकहरुले रिपर प्राप्त गरेको | २।१ कृषि यान्तरीकरण प्रविधि तथा सामाग्री सहयोग (३५ प्रतिशत) प्लाष्टिक टनेल सहयोग ५० प्रतिशत अनुदान) | 1470200।०० |
| नगरभरिवाट माग भै प्रतिस्पर्धाका माध्यामवाट ३० जना छनौट भएका कृषकहरु | ३।७ वोरीङ तथा स्यालो टवेल कार्यक्रम | 1500000।०० |
| ३७ जना कृषक तथा समुह सहकारीलाई ५० प्रतिशत अनुदानमा उपलब्ध | साना कृषि औजार तथा उपकरणमा अनुदान | 1640050।०० |
| ९३ जना कृषक सदस्यालाई ५० प्रतिशत अनुदानमा २०००० कादरले अनुदान उपलब्ध | कोभिड प्रभावीत भै गाँउ फर्केका कृषकहरुलाई उत्पादन सामाग्रीमा अनुदान | 1860000 |
| श्री ठाकुरबाबा बहुमुखी कृषक सहकारीलाई थप २५ प्रतिशत जम्मा पश्चात अनुदानमा वोलेरो गाडी उपलब्ध | कृषि उपज बजारीकरणका लागी ढुवानी गाडी खरिदमा सहयोग | 2000000 |
| नगरभरीका धान वीउ उत्पादकहरुलाई २ वटा सहकारी मार्फत ८७.५ विघामा कलष्टरमा खेती गरे वापत सहकारी मार्फत ५० प्रतिशत अनुदान | एक स्थानीय तह एक उत्पादन कार्यक्रम | 1700000।०० |
| उन्नत वीउ प्रयोगमा अनुदानका लागी कार्यविधि बमोजिम २ वटा सप्लायर्स छनौट भै कुपन प्रणालीमा २५ प्रतिशत अनुदानमा अनुदान उपलब्ध | उन्नत धान वीउमा सहयोग | 751640।०० |
| प्रति समूह निजि लगानी १०६५०० | वाख्रा प्रवद्धन कार्यक्रम | २७००००००।०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्रति समूह निजि लगानी ३१५०००।०० ; भैंसी प्रवर्द्धन विशेष कार्यक्रम ; २६०००००।०० | |
| | | | ५० प्रतिशत अनुदान ; वंगुरका साना व्यावसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम ; २००००००।००<br>५० प्रतिशत अनुदान ; साझेदारीमा वंगर प्रवर्द्धन कार्यक्रम ; २००००००।०० | |
| २०.३ | | | **गैरसरकारी संस्था मार्फत कार्य** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ मा, गैरसरकारी सङ्घ संस्था, उपभोक्ता समिति, सहकारी संस्था लगायतका सामाजिक तथा सामुदायिक सङ्घ संस्थाले स्थानिय तहसँगको समन्वयमा रही कार्य गर्नुपर्ने र सहकार्यको संयुक्त अनुगमन गरी प्रगति प्रतिवेदन बनाउने व्यवस्था रहेको छ। कार्यालयले विभिन्न कार्यक्रमको लागि गैरसरकारी संस्थासँग सम्झौता गरी कार्यलयमा उपलब्ध जनशक्तिले गर्नसक्ने कार्यमा समेत गैरसरकारी संस्थालाई संलग्न गराई भुक्तानी गरेको छ । गैरसरकारी संस्थाहरु विषयगत कार्यसंग सम्बन्धित हुन वा हैनन् बिश्लेषण गरेको छैन् ।पालिका वाट गरिवी लक्षित कार्यक्रमका लागी एकिकृत सहकारी संस्था संग रु १५ लाख मा आयआर्जनका लागी सिपमूलक विभिन्न तालिम सञ्चालनका लागी सम्झौता भएकोमा उक्त संस्थाले पुन महिला एकता समाज द्धारा कार्यक्रम सञ्चालन गरेको पाइयो । गैरसरकारी संस्थाहरुले कार्यक्रम संचालन गर्दा लाभग्राहीहरुको छनोटको आधार एवम् मापदण्ड नबनाई दोहोरो हुनेगरी कार्यक्रम संचालन गरेको छ ।यसरी कार्यालयको जनशक्तिले गर्नसक्ने कार्यमा समेत स्पष्ट आधार एवम् मापदण्ड वेगर गैरसरकारी संस्थालाई संलग्न गराई भुक्तानी गर्नुका साथै संयुक्त अनुगमन तथा प्रगती प्रतिवेदन पेश नभएको कार्य नियमसम्मत नदेखिएको रु १५०००००।०० | १,५००,००० |
| २१ | | | **मुख्यमन्त्री, कोभिड,कर सम्बन्धमा** | |
| २१.१ | | | **मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम तर्फ – विद्यार्थीका लागि ट्र्याकसुट खरिद तथा वितरण** - मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम सञ्चालन कार्याविधि,२०७५ को परिच्छेद ३ मा लक्षित समूहको व्यवस्था गरेको छ। पालिकाले स्विकृत कार्यक्रम अन्तर्गत ३४ वटा सामुदायिक विद्यालयमा नर्सरी र कक्षा १ मा पढ्ने विद्यार्थीहरुको लागि बोलपत्र मार्फत लक्की ए.एस. इन्टरप्राईजेजबाट २२५० थान प्रति थान रु.४५५ को दरले खरिद गरी रु.११५६८३७ भुक्तानी दिएको छ । पालिकाले खरिद गरेको ट्र्याकसुट वितरण गरेको भरपाई पेश गरेको छैन् । विद्यार्थी संख्याको देखिने EMIS रिपोर्टको आधारमा ट्र्याकसुट वितरण गरेको भरपाई पेश गर्नुपर्ने रु. | १,१५६,८३७ |
| | | | | |


https://nams.oag.gov.np

| २१.२ क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

**कोभिड बिशेष कार्यक्रम तर्फ -** कोभिड विशेष कृषि कार्यान्वयन कार्याविधि २०७७ अनुसार कोभिडबाट प्रभावित भएका वैदेशिक रोजगारबाट फर्केका कोभिड प्रभावित तथा वेरोजगार युवाहरुलाई अनुदान दिने व्यवस्था छ । पालिकाले यस कार्याविधि अनुसार देहायको कार्यक्रम संचालन गरेको छ । सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

| गो.भौ.नं.।मिति | कार्यक्रमको नाम | अनुदान पाउनेको विवरण | रकम | कैफियत |
|---|---|---|---|---|
| ३८। २०७७-०३-२५ | साना किसान औजार तथा यान्त्रिक उपकरण अनुदान | ३६ जना कृषकलाई ५०% अनुदानमा वितरण | ११२८५०० | क्याटलग सपिङ्ग विधि मार्फत कृषिनरी नेपाल प्रा.लि.बाट खरिद गरिएकोमा सो आधिकारीक बिक्रेता वा सप्लायर्स भएको प्रमाण पेश नभएको । साथै ३७ थान खरिद भएकोमा ३६ थान मात्र वितरण गरेको । छनौट भएका वाहेकलाई वितरण गरेको । |
| ३६। २०७८-०३-२४ | कोभिड प्रभावित भई फर्केका कषकलाई उत्पादन सामाग्री अनुदान | ५० जना कृषकलाई रु.२०००० का दरले बाख्रा पालन, कुखुरा पालनमा ५० % अनुदान | १०००००० | |
| ३०। २०७८-०३-२२ | कोभिड प्रभावित भई फर्केका कषकलाई उत्पादन सामाग्री अनुदान | ४० जना कृषकलाई | ८१६२७२ | |
| ४४। २०७७-०३-३० | कोभिड प्रभावित भई फर्केका | सानु ट्रेड एण्ड सप्लायर्सबाट खरिद | ४४७००० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | कषकलाई उपकरण सामाग्री अनुदान | | | | |
| | | | ३७। २०७८-०३-२४ | एक गाउँ एक स्थानीय तह अनुदान धान उत्पादनमा | हिमालय सहकारी संस्था लि. | ९४५३१४ | सहकारी मार्फत कृषक छनौट गरिएको । वास्तविक किसानले अनुदान पाए नपाएको एकिन गर्न नसकिएको । | |
| | | | | | सिहं बाहिनी शिवशक्ति कृषक समूह | ७०२५९५ | | |
| | | | | | जम्मा | ४५९२६८१ | | |
| २१.३ | | | **स्विकृत कार्यक्रममा समावेश नभएको खर्च** - आर्थिक कार्यविधि नियमावली तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१) मा सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सिमाभित्र रहि खर्च गर्नुपर्ने व्यवस्था छ ।पालिकाले मुख्यमन्त्री कार्यक्रम अन्तर्गत स्विकृत कार्यक्रममा समावेश नभएको कक्षा २ को विद्यार्थीको ट्र्याकसुट खरिद तथा वितरणका लागि कोटेशन मार्फत सम्पूर्ण युनिफर्मस बाट ५२० थान ट्र्याकसुट रु.४८६ का दरले खरिद गरि रु.२८५५७४ खर्च गरेको छ । स्विकृत कार्यक्रममा नपरेको कार्यमा खर्च गरेको नियमसम्मत नदेखिनुका साथै वितरण गर्ने विद्यालय छनौट र विद्यार्थी संख्याको देखिने EMIS रिपोर्टको आधारमा वितरण भएको भरपाई पेश गर्नुपर्ने रु | | | | | २८५,५७४ |
| २१.४ | | | **अग्रिम कर कट्टी** – आयकर ऐन २०५८ को दफा ८८ मा भुक्तानीमा कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले कृषिनरी नेपाल प्रा.लि. बाट गौ.भौ.नं.३८। २०७७-०३-२५ बाट कृषिनरी नेपाल प्रा.लि.बाट रु.२२५७००० मा खरिद गरेको मिनिटिलरको भुक्तानी गर्दा अग्रिम आयकर रु.३३८५५ कट्टा नगरेकाले अग्रिम कर राजस्व दाखिला गर्नुपर्ने रु. | | | | | ३३,८५५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२१.५</td><td></td><td></td><td>रितपूर्बकको कर बिजक – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले रित पूर्कक्को कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>कर विजकको अवस्था</th><th>बिजक नं.। मिति</th><th>भुक्तानी रकम</th><th>मुअकर कर रकम</th><th>७० प्रतिशत मु अ कर</th></tr>
<tr><td>३१। २०७८-०२-२८</td><td>श्याम ज्ञान एण्ड सन्स कन्काई जे.भि.</td><td>६१४१७२१९३</td><td>केरमेट गरेको</td><td>०४। २०७८-०२-२८</td><td>३३४१४६६</td><td>४३४३९४</td><td>३०४०७३</td></tr>
<tr><td>९२। २०७८-०३-३०</td><td>पौडेल विल्डर्स एण्ड कन्ट्राक्टर्स</td><td>६०६६०१९९१</td><td>मिति उल्लेख नभएको</td><td>२०</td><td>४१२३४७४</td><td>५३६०५६</td><td>३७५२४०</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>७४६४९४०</td><td>९७०४५०</td><td>६७९३१३</td></tr>
</table>
</td><td>६७९,३१३</td></tr>
<tr><td>२२</td><td></td><td></td><td>प्रमाण पेश नभएको,स्थानीय पूर्वाधार विकास कार्यक्रम,गुणस्तर परीक्षण,पेश्की जमानीको म्याद,प्रमाण पेश नभएको र प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२२.१</td><td></td><td></td><td>प्रमाण पेश नभएको - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्ता रकम पुष्टी गर्ने विल,भरपाई,कागजात र प्रमाण संलग्न गर्नुपर्ने उल्लेख छ । पालिकाले पेश गरेको बैंक नगदि किताब अनुसार देहायको गौश्वरा भौचरबाट भुक्तानी दिदा सोको भौचर र सक्कल विजक श्रेस्तासाथ संलग्न नरहेकाले प्रमाण पेश गर्नुपर्ने रु.<br><table><tr><th>गौ.भौ.नं. ।मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>रकम</th><th>कैफियत</th></tr><tr><td>३७।२०७८-०३-२९</td><td>जय धनन्जय कडेल जे.भी.</td><td>२९५१९७</td><td>भौचर पेश नभएको</td></tr><tr><td>२८।२०७८-०३-२०</td><td>युनाईटेड ड्रग सेन्टर</td><td>४९१९६२</td><td>सक्कल बिजक पेश नभएको</td></tr><tr><td></td><td>जम्मा</td><td>७८७१५९</td><td></td></tr></table></td><td>७८७,१५९</td></tr>
<tr><td>२२.२</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार म्याचिङ्ग मार्फत कार्य –सार्वजनिक खरिद नियमावली २०६४ नियम १२३१ क र घ अनुसार खरिद सम्झौता बमोजिम सार्वजनिक निकायले प्रत्येक रनिङ्ग बिल वा अन्य कुनै बिलको भुक्तानी कार्य सम्पन्न भएको परीमाणको प्राबिधिक नापजाँच गरी नापिकितावमा उल्लेखित भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्दछ । पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विभिन्न योजना म्याचिङ्ग मार्फत गराएको जनचाहाना आधारभुत विद्यालय भवन निर्माण प्रधानमन्त्री रोजगार कार्यक्रमबाट म्याचिङ्ग मार्फत गराएको छ । भुक्तानी हुने सम्पूर्ण स्रोतको जम्मा प्राविधिक मुल्याङ्कन अनुसार श्रमिकको ज्याला कट्टा गरी रु.१०२२७७१.३२ भुक्तानी हुनुपर्नेमा रु.१२३६८८४ भुक्तानी भएकाले बढि भुक्तानी भएको रु. २१४११२.६८ असुल हुनुपर्ने रु</td><td>२१४,११३</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| २२.३ | | | **स्थानीय पूर्वाधार विकास कार्यक्रम तर्फ** –<br><br>• **शाहिपुर देखि बनविर हुदै जवारा सडक निर्माण** - सार्वजनिक खरीद नियमावली २०६५ को नियम ३ मा खरिदको विवरण,परिमाण र क्षेत्र एकिन गर्नुपर्ने उल्लेख छ । पालिकाले स्थानीय पूर्वाधार विकास कार्यक्रमको लागि छनौट भएको लागत अनुमान रु.११८२३७०.७४ रहेको शाहिपुर देखि बनविर हुदै जवारा सडक निर्माणको कार्य निकुञ्ज क्षेत्रमा रहेका कारण सम्पन्न नगरी रु.६४०६५.१९ मात्र भुक्तानी भएको छ । अतः निर्माण स्थलको पर्याप्त अध्ययन गरेर मात्र योजना माग र कार्यान्वयन गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।<br>• सिचाई बोरिङ्ग निर्माण खरिद तथा जडान – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४.२ मा सरकारी रकम खर्च गर्दा साधन र स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्ने व्यवस्था छ ।पालिकाले सिंचाई वोरिङ्ग खरिद तथा जडानका लागि ठाकुरबाबा ७ का २४ जना कृषकलाई कृषकले खरिद गरि जडान गरेको आधारमा रु.११००००० भुक्तानी गरेको छ । पालिकाले कृषक छनौटको आधार एवम् मापदण्ड तयार गरेको छैन् ।कार्यालय आफूले दिएको अनुदानको उपयोगको सुनिश्चितताको लागि अनुगमनको व्यवस्था गर्नुपर्दछ। अनुदानको अनुगमन र कार्यसम्पन्न प्रतिवेदन संलग्न नहुँदा तोकिएको शीर्षकमा खर्च भयो भएन यकिन गर्न सकिएन । पालिकाले अनुदानको उपयोगको सुनिश्चितताका लागि अनुगमन गर्नुपर्दछ । | |
| २२.४ | | | **पेश्की जमानीको म्याद :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ को उपनियम (३) अनुसार निर्माण व्यवसायी वा सेवा प्रदायकलाई पेश्की दिँदा निजबाट त्यस्तो पेश्की रकम खाम्ने गरी र सम्झौता बमोजिम काम नगरेमा कार्यालयको अनुरोध पछि तत्काल भुक्तानी गर्ने गरी वाणिज्य बैंकबाट जारी भएको बैंक जमानत लिई पेश्की दिनुपर्ने र उपनियम (४) मा त्यस्तो बैंक जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछ्र्यौट गर्नुपर्ने अवधि भन्दा कम्तीमा एक महिना भन्दा बढी अवधिको हुनु पर्ने व्यवस्था छ ।पालिकाले ठेक्का नं. MG/W/NCB/TBNP/09/2077-78 को लागत अनुमान ३४७३७३००.८७ रहेको निर्माण कार्यका लागि न्युनतम अंक रु.२०३९७७२१.९७ मा कबोल गर्ने ओम सत्यसाई ब्लयाक बक जे.भी. संग म्याद थप पश्चात मिति २०७८-१२-३० मा कार्यसम्पन्न गर्ने गरी सम्झौता गरेकोमा छ। निर्माण व्यवसायीलाई मोविलाइजेशन पेश्की वापत रु.३५९८००० भुक्तानी भएकोमा पेश्की जमानीको म्याद २०७८-०६-२१ मा समाप्त भइ सकेको अवस्थामा पेश्की जोखिममा रहेकाले पेश्की जमानीको म्याद थप गर्नुपर्ने रु. | ३,५९८,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२.५ | | | **गुणस्तर परीक्षण र बिमा** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । देहाय अनुसारका भौ.नं. र मितिबाट गुणस्तर परीक्षण वापतको बीओक्यूमा समावेश भएको पीएस आइटमको रकम निर्माण व्यवसायीलाई भुक्तानी दिएको देखियो । प्रोभिजनल समको रूपमा बीओक्यूमा समावेश गुणस्तर परीक्षण र बिमाको रकम गुणस्तर परीक्षण र बिमा गर्ने निकायको बील बमोजिम भुक्तानी हुनु पर्नेमा गुणस्तर परीक्षणको गर्ने र बिमा गर्ने निकायको बील नराखी निर्माण व्यवसायीको बिल राखी भुक्तानी भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नु पर्ने रू. | ४०,००० |

| गो.भौ.नं.।मिति।ठेक्का नं. | निर्माण व्यवसायीको नामा | भुक्तानी रकम |
|---|---|---|
| MG/W/NCB/TBNP/06/2077-78 | पौडेल बिल्डर्स एण्ड कन्ट्राक्टर्स | ३००००(गुणस्तर परिक्षण वापत १०००० र बिमा वापत रु.२००००) |
| MG/W/NCB/TBNP/09/2077-78 | ओम सत्यसाई ब्लयाक बक जे.भी. | १०००० |
| | जम्मा | ४०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३ | | | **मू.अ.कर कट्टा,म्याद थप,कार्यसम्पन्न प्रतिवेदन, एजविल्ट नक्सा, गुणस्तर परीक्षण र उपभोक्ताको कार्यको प्राविधिक बिल र कार्य सम्पन्न सम्बन्धमा** | |
| २३.१ | | | **मू.अ.कर कट्टा नगरेको** - आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख भएकोमा २०७८।७९ को बजेट वक्तव्य पश्चात सो प्रावधान ३० प्रतिशत र ७० प्रतिशत रहेको छ। पालिकाले गौ.भौ.नं. २१।२०७८-०२-२५ बाट पाण्डेय विजनेश ग्रुप प्रा.लि.लाई बिजक नं.२४४ मिति २०७८-०२-०९ बाट रु.१६५८००० को भुक्तानीमा मू.अ.कर रु.२१५५४० को ३० प्रतिशत रकम रु.६४६६२ कट्टा नगरी भुक्तानी गरेकोले ७० प्रतिशत मू.अ.कर रकम रु.१५०८७८ को मू.अ.कर समायोजनको प्रमाण पेश गर्नुपर्ने रु. | १५०,८७८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३.२ | | | **म्याद थप** – सार्वजनिक खरिद ऐन २०६३को दफा ५६ तथा नियमावली २०६४ को नियम १२० अनुसार तथा नियम र सम्झौताका व्यवस्था अनुसार ठेक्काको काम थप भएमा, निर्माण स्थल उपलब्ध नभएमा र कावु वाहिरको परिस्थिति उत्पन्न भ◌ंइ ठेक्काको काममा ढिला◌ंइ भएमा अद्यावधिक कार्यतालिका सहित तोकिएको तहवाट निर्णय गराई म्याद थप गर्न सकिने व्यवस्था छ । तर पालिकाले स्थानीय खरिद कानुन नबनाएको अवस्थामा काबुबाहिरको परिस्थिती अवस्था मुल्याङ्कन बिश्लेषण बेगर,निर्माण व्यवसायीले निवेदन नदिई,कार्य सम्पादन जमानत र बिमाको अवधि समेत थप नगरी सार्वजनिक खरिद नियमावली २०६४ द्वारा परिभाषित नगरिएका पालिका प्रमुख, कार्यपालिका स्तरका निर्णयका आधारमा शूरु सम्झौताको ५० प्रतिशत भन्दा बढी अवधी थप गर्ने गरेको पाईयो ।स्थानीय तहले आवस्यकता अनुसार खरिद कानुन तर्जुमा गरी कानुनी प्रकृयाका आधारमा मात्र सम्झौताको म्याद थप गर्नु पर्दछ । | |
| २३.३ | | | **गुणस्तर सुनिश्चितताः** निर्माण कार्यमा प्रयोग गरिने निर्माण सामाग्रीको गुणस्तर सुनिश्चतताको लागि प्रयोगशाला परीक्षण (Lab test) गरिएको हुनु पर्दछ । निर्माण व्यवसायीले निर्माण कार्यमा प्रयोग गरेका डण्डी, गिट्टी, सिमेन्ट, बालुवा र सडक कालोपत्रे गर्ने कार्यमा प्रयोग गरिने विटुमिनको गुणस्तर परिक्षण गरेको छैन । उल्लिखित निर्माण सामाग्रीको Strength test कार्यालयले गराउन लगाएको पनि देखिएन । निर्माण सम्पन्न पश्चातसमेत गुणस्तर परिक्षण गराएको नदेखिएकोले गुणस्तर सुनिश्चितता हुन सकेन । सडक कालोपत्रे गर्ने कार्यमा प्रयोग भएको विटुमिन लगायत सबै सामाग्रीको प्रयोगशाला परिक्षण गराई गुणस्तर सुनिश्चित गरिनु पर्दछ । | |
| २३.४ | | | **कार्य सम्पन्न प्रतिवेदन र एजविल्ट नक्साः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार निर्माण व्यवसायीले निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्बन्धित निर्माण व्ययसायीले निर्माण भए बमोजिमको एजविल्ट नक्सा पेश गर्नु पर्ने, निर्माण कार्यको त्रुटी सच्चाउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटी देखिएमा यकिन गरी दावी गर्दा कार्यालयले प्रत्येक महिनाको कार्य प्रगति देखिने गरी अभिलेख तयार गरी प्रमाणित गरेर राख्नु पर्ने र त्रुटी सच्चाउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । तर निर्माण व्यवसायीहरुले पुल निर्माण कार्य बाहेक सडक निर्माण कार्यहरुको एजविल्ट नक्सा कार्यालयमा पेश गर्ने गरेका छैनन । त्यस्तै कार्यालयले त्रुटी सच्चाउने पर्ने दायित्व सम्बन्धी अभिलेख राखेको छैन र त्यस्तै त्रुटी सच्चाउने अवधि समाप्त नहुँदै सबै निर्माण कार्यको कार्य सम्पन्न प्रतवेदन तयार गरेको देखियो । त्रुटी सच्चाउने अवधि समाप्त नहुँदै कार्य सम्पन्न प्रतिवेदन जारी गरेकोले निर्माण व्यवसायीले त्रुटी सम्बन्धी दायित्वबाट उन्मुक्ती पाउन सक्ने अवस्था देखिएको छ । अतः नियमानुसार सबै निर्माण कार्यको एजविल्ट नक्सा जारी गर्ने, कार्य स्वीकार्दा कार्यस्वीकार प्रतिवेदन तयार गर्ने र त्रुटी सच्चाउने अवधि समाप्त भए पश्चात मात्र कार्य सम्पन्न प्रतिवेदन तयार गरी निर्माण कार्य सम्पन्न गराउने कार्यलाई प्रभावकारी बनाउनु पर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३.५ | | | **उपभोक्ताको कार्यको प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स् अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स् अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनु पर्दछ। | |
| २४ | | | **उपभोक्ताको कार्य,सुरक्षित आवास र २०७१ सालको बाढीबाट प्रभावित कार्यक्रम , प्रधानमन्त्री रोजगार कार्यक्रम र निर्माण कार्यको विमा तर्फ** | |
| २४.१ | | | **सुरक्षित आवास र २०७१ सालको बाढीबाट प्रभावित कार्यक्रम तर्फः** सुरक्षित आवास र २०७१ सालको बाढीबाट प्रभावित कार्यक्रम तर्फस् सुरक्षित नागरिक आवास कार्यन्वयन कार्यविधी २०७६ को दफा ७ को उपदफा (४) मा अनुदान उपलव्ध गराउँदा सम्वन्धित स्थानिय तहसँग सम्झौता भएपछी पहिलो किस्ता वापत ६० प्रतिशत रकम उपलव्ध गराइने र दफा ८ मा उपदफा (७) वमोजिम प्राप्त पहिलो किस्ताको रकमवाट काठ र जस्तापाता लगायतको सामाग्रि खरिद गरी निर्माण कार्य सम्पन्न भएको भनि स्थानिय तहको प्राविधिक वाट अनुसुची ३ वमोजिमको प्राविधिक सहितको शिफारिसको आधारमा सम्वन्धित स्थानिय तहवाट लाभग्राहिलाइ अन्तिम तथा द्रोस्रो किस्ता उपल्ध गराउने व्यस्था रहेकोमा कार्यालयवाट यस सुरक्षित आवास कार्यक्रम अन्तर्गत यो वर्ष १९७ जना छनौट गरेकोमा १७३ जनालाई विभिन्न गो भौ न वाट रु.१३५७८ का दरले जम्मा रु.२३४८९९४० र २०७१ सालको बाढि पिडितका लागि ५८३ जानालाई विभिन्न गो भौ न वाट रु.१७३५४ का दरले रु.१०११७३८२ लाभग्राहीको खातामा रकम निकाशा गरेको स्पष्ट विवरण पेश गरेको छैन् । कार्यालय आफूले दिएको अनुदानको उपयोगको सुनिश्चितताको लागि अनुगमनको व्यवस्था गर्नुपर्दछ। अनुदानको अनुगमन र कार्यसम्पन्न प्रतिवेदन संलग्न नहुँदा तोकिएको शीर्षकमा खर्च भयो भएन यकिन गर्न सकिएन । पालिकाले अनुदानको उपयोगको सुनिश्चितताका लागि अनुगमन गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४.२ | | | **गिद्धरपुर-मिर्चैया-मानपुर-नेउलापुर-ब्लाक टप रोड कन्स्ट्रक्सन:-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ को उपनियम (३) अनुसार निर्माण व्यवसायी वा सेवा प्रदायकलाई पेश्की दिँदा निजबाट त्यस्तो पेश्की रकम खाम्ने गरी र सम्झौता बमोजिम काम नगरेमा कार्यालयको अनुरोध पछि तत्काल भुक्तानी गर्ने गरी वाणिज्य बैंकबाट जारी भएको बैंक जमानत लिई पेश्की दिनुपर्ने र उपनियम (४) मा त्यस्तो बैंक जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछ्र्यौट गर्नुपर्ने अवधि भन्दा कम्तीमा एक महिना भन्दा बढी अवधिको हुनु पर्ने व्यवस्था छ ।पालिकाले गिद्धरपुर-मिर्चैया-मानपुर-नेउलापुर-ब्लाक टप रोड कन्स्ट्रक्सन निर्माणका लागि लागत अनुमान ४७४९३७२५.६० रहेको निर्माण कार्यका लागि न्युनतम अंक रु.२५८५३७०१.७३ मा कबोल गर्ने जय धनन्जय कडैँल जे.भी. संग म्याद थप पश्चात मिति २०७८-१२-३० मा कार्यसम्पन्न गर्ने गरी सम्झौता गरेकोमा छ। निर्माण व्यवसायीलाई मोविलाइजेशन पेश्की वापत रु.४५००००० भुक्तानी भएकोमा पेश्की जमानीको म्याद २०७८-०९-२३ मा समाप्त भइ सकेको अवस्थामा पेश्की जोखिममा रहेकाले पेश्की जमानीको म्याद थप गर्नुपर्ने रु. | ४,५००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४.३ | | | • **प्रधानमन्त्री रोजगार कार्यक्रम** – स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम गाउँपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा विभिन्न १९ वटा योजना मध्ये ४ वटा आयोजना म्याचिङ्ग मार्फत रोजगार समिती र उपभोक्ता समिती मार्फत गराएकोमा आंशिक रुपमा बैंक खाता मार्फत सूचिकृत श्रमिकलाई भुक्तानी दिएको, तोकिएको ढाँचामा डोर हाजिर प्रमाणित गरि नराखेको हुदा सम्बन्धित सूचिकृत श्रमिकलाई ज्याला भुक्तानी भए नभएको एकिन गर्न सकिएन । सडक नाला, मोटर बाटो, निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ४७२ जनालाई रोजगारी उपलव्ध गराई रु.११८८८००० खर्च गरेको छ । लक्षित वर्गलाई ४० देखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्यालामा खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।<br>• नर्म्स भन्दा बढिको दर बिश्लेषण –सार्वजनिक निकायले निर्माण कार्य गराउदा नेपाल सरकार द्वारा स्वीकृत निर्माण सम्बन्धी नर्म्सका आधारमा दरविश्लेण गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० को अनुसूचि १ बमोजिमको लागत अनुमान तयार गरी नियमावलीको व्यवस्थाको अधिनमा रही निर्माण कार्य गराउनु पर्दछ । पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि डोलिडारको नर्म्स प्रयोग गरेको छ । सो नर्म्सको दर बिश्लेषण अनुसार रुखको हाँगा काटी टुक्रा पार्ने कार्य १८० -२७० से.मि. गोलाईका लागि प्रति रुख रु.१५९७.५३ को दरमा भुक्तानी हुनुपर्नेमा वडा नं.७ का विभिन्न टोलको बाटो स्तरउन्नती कार्यका लागि सो कार्यमा रु.३१४८.५३ का दरले २० वटा रुखको प्रति रुख रु.१५५१ का दरले रु.३१०२० बढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. | ३१,०२० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४.४ | | | **जनता आ.वि.तुलसीपुर पर्खाल निर्माण उ.स.**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बील, भरपाईं र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था छ । उपभोक्ताले यसरी पेश गरेका बील भपाईले उपभोक्ताको वास्तविक खर्चलाई देखाउँछ । पालिकाले रु.१९७७९६.१५ को लागत अनुमान रहेको जनता आ.वि.तुलसीपुर पर्खाल निर्माण उपभोक्ता समिती मार्फत सम्पन्न गरी गौ.भौ.नं. १८१।२०७८-०३-२७ बाट रू. १६३२९१ भुक्तानी गरेको छ । निर्माण कार्यको नापी किताब अनुसार Cutting, bending and placing of reinforcement का लागि सरिया १७४.११ के.जि. रु.१११.४३ को दरले प्रयोग गरेको देखिएकोमा सोको बिजक उपभोक्ता समितीले पेश नगरेको भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. | १९,४०३ |
| २४.५ | | | **निर्माण कार्यको विमाः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख रुपैया भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले नियमावलीमा तोकिए बमोजिमका त्रुटी सच्याउने अवधि १२ महिना समेतको विमा गराउनु पर्ने व्यवस्था छ । कार्यालयले निर्माण गराएको निर्माण कार्यको अभिलेख परीक्षणमा केहीको विमा नगराएको, केहीको विमाको प्रमाण नभएको र केहीको घटी अवधिको विमा गराएको देखियो । यसका केही उदाहरण देहाय अनुसार छन । अतःनियमावली अनुसार निर्माण कार्यको विमा गराई जोखिम न्यूनीकरण गरिनु पर्दछ । | |
| २५ | | | **नगरपालिका पूजिगत तर्फ** | |

| ठे.नं | कार्यविवरण | निर्माण व्यवसायीको नाम | सम्झौता अंक | विमा कार्य |
|---|---|---|---|---|
| ६ | थारु होमस्टे सडक स्तरउन्नती | पौडेल बिल्डर्स एण्ड कन्स्ट्रक्सन | ४९५६४२५.९७ | नभएको |
| | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५.१ | | | नदिजन्य पदार्थ- नगरपालिकाले यस वर्ष नदीजन्य पदार्थ उत्खनन् तथा विक्री वितरणको लागि विभिन्न २ घाटको 72000 घन मिटर का लागि रू.20344310।–(मूल्य अभिवृद्धि कर समेत) कवोल गरी सोही रकममा सम्झौता भएकोमा एक मात्र सकार कर्ता सिटी कन्स्ट्रक्सनले रू.20502720।-(मूल्य अभिवृद्धि कर समेत) कवोल गरी सोही रकममा सम्झौता भएकोमा विभिन्न मितिमा रू.9089001।-दाखिला भएको देखिन्छ । साथै नगरपालिकाले उक्त व्यवसायीको बैंक जमानतबाट 078/07/07 मा रू.9943000।-प्राप्त गरेको देखिन्छ ।सम्झौता अनुसार रू.1470719।– नपुग राजश्व र कुल सम्झौता रकमको १३ प्रतिशत ले हुने रू.2358720।-समेत जम्मा रू.3829439।-असुल गरी सम्वन्धित खातामा दाखिला हुनुपर्ने रू. 3829439।– साथै कार्यालयले पेश गरेको बैंक स्टेटमेन्टमा उक्त निर्माण व्यवसायिले रू.19335001।-दाखिला गरेको भनि पेश गरेकोमा उक्त व्यवसायीको नाम उल्लेख नभएकोले सो सम्वन्धमा एकिन हुनुपर्ने र के कति परीमाणमा उत्खनन् भयो सो को विवरण पेश नभएके सो सम्वन्धमा यकिन हुन सकेन । | ३,८२९,४३९ |
| २५.२ | | | जटिलसंरचना निर्माण – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्पmत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् : | |

| **गोभौनं./मिति** | **उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **भुक्तानी रकम** |
|---|---|---|---|
| 74 2077/11/20 | विधुत ट्रान्सफर्म खरीद तथा जडान उपभोक्ता समिति | विधुत ट्रान्सफर्म खरीद तथा जडान | 485000.00 |
| 139 2077/02/27 | विधुत सिचाई मोटर तथा सिचाई पोल उपभोक्ता समिति | विधुत सिचाई मोटर तथा सिचाई पोल खरीद | 914082.00 |
| जम्मा | | | 1399082.00 |

उक्त कार्य तोकीएको गुणस्तर र मापदण्ड वमोजिम सम्पन्न भए नभएको सम्वन्धमा नगरपालिकाद्वारा एकिन गरी अनुगमन निरीक्षण हुनुपर्दछ ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२५.३</td><td></td><td></td><td>बदबुरुवा खोला वक्स कल्भर्ट निर्माण – नगरपालिकाको वडा न. 2 स्थित बदबुरुवा खोलामा 15 मि.लम्बाई को वक्स कल्भर्ट निर्माणको लागि रू.16230496.80 को लागत अनुमान तयार गरी वोलपत्र आव्हान भएकोमा सवैभन्दा घटी रकम रू.9623275.97 कवोलवाला निर्माण व्यवसायी एल्.वि.एण्ड ए.वी. रोहित J.V. सँग 2078/07/10 मा सम्पन्न गर्ने गरी सम्झौता भएकोमा उक्त अवधि सम्म काम सम्पन्न नभएको भनि 2 पटक गरी 2079/02/30 सम्म म्याद थप भएको छ । वक्स कल्भर्ट ७ मि. चौडाई र 15 मि. लम्बाई रहेको डिजाईन गरी कार्य सम्पादन भैरहेको मा सो को डिजाईन एवम् लागत अनुमान तयारी पूर्व गरीने आवश्यक soil test लगायतका परीक्षणहरु गरीएको देखिएन । आवश्यक परीक्षण नगरी गरीने निर्माण कार्य टिकाउ एवं दिगो नहुने हुँदा नगरपालिकाले सो सम्वन्धमा आवश्यक ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२५.४</td><td></td><td></td><td>स्विकृत कार्यक्रम भन्दा फरक काम गरेको – वडा न.6 स्थित श्री जनज्योति माध्यामिक विद्यालयको भवन निर्माणका लागि रू.10 लाख वजेट विनियोजन गरेकोमा उक्त विद्यालयको परीसरमा सटरहरु निर्माण गरी भूक्तानी खर्च लेखेको नियम सम्मत नदेखिएको रू.</td><td>१००,०००</td></tr>
<tr><td>२५.५</td><td></td><td></td><td>भेरीयसन आदेश – नगरपालिकाको विभिन्न 6 वटा वडाहरुमा सौर्य वत्ती जडान का लागि निर्माण व्यवसायि श्री सन साईन ईनर्जी प्रा.ली. काठमाण्डौं सँग रू.4229128।– मा सम्झौता भएकोमा अन्तिम विल सम्म रू.5177036।– भूक्तानी भएको छ ।शुरु सम्झौता भन्दा कुन आईटम र के कति कारणले थप गर्नुपरेको हो सो को कारण र पुष्ट्याई उल्लेख नगरी वढी रकम भूक्तानि भएको देखिएकोले सो को कारण र स्विकृत भेरीयसन आदेश पेश हुनुपर्ने रू. 947908</td><td>९४७,९०८</td></tr>
<tr><td>२६</td><td></td><td></td><td>संपरीक्षण<br>अनुगमन तथा सम्परीक्षण– स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ ।<br>यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण अनुरोध नभएकोले गत बर्ष सम्म बाँकी बेरुजु निम्नानुसार रहेको छ ।
<table>
<tr><th>गत वर्षसम्मको बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)</th><th>गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B)</th></tr>
<tr><td>१२७१००६८४</td><td>०</td><td>१२७१००६८४</td></tr>
</table>
अद्यावधिक वेरुजु - यस पालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ ।
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)</th><th>यो वर्ष कायम बेरुजू(C)</th><th>संपरीक्षणबाट कायम बेरुजू(D)</th><th>अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D)</th></tr>
<tr><td>१२७१००६८४</td><td>०</td><td>१२७१००६८४</td><td>०</td><td>१६२६९९७२२</td></tr>
</table></td><td></td></tr>
</table>